**बेनी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेनी, म्याग्दी**

## आर्थिक वर्ष २०८१।८२ को पाँचौं कार्यपालिका बैठकका निर्णयहरु

*(मितिः २०८१।०८।२३गते)*

१. बेनी नगरपालिकाको नगर सभाको सोह्रौं अधिवेशन मिति २०८१।०९।०४ गते बिहीबार बेनी नगर कार्यपालिकाको कार्यालयको सभाहलमा गर्ने गरी आवश्यक तयारी गर्ने । उक्त अधिवेशनमा योजना संसोधन गर्नुपर्ने भएमा सबै वडाले वडा समितिको निर्णय सहित तोकिएको ढाँचामा पौष १ गते भित्र नगर कार्यपालिकाको कार्यालयमा आइपुग्ने गरी पठाउने । साथै चालु आर्थिक वर्षको हाल सम्मको प्रगति प्रतिवेदन सभामा पेश गर्न सम्बन्धित विषयगत समितिहरुले आ-आफ्ना विषयगत शाखासँग समन्वय गरी प्रगती प्रतिवेदन तयार गर्ने ।

२. बेनी नगरपालिकाको चालु आर्थिक वर्षका लागि छनौट भएका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्न देखिएको कानूनी रिक्ततालाई मध्यनजर गरी बेनी नगर कार्यपालिकाको कार्यालयका सम्बन्धित शाखाबाट आवश्यक अध्ययन तथा छलफल पश्चात् तयार गरी स्वीकृतीका लागि पेश हुन आएका तपसिलका कार्यविधिहरु संशोधन सहित स्वीकृत गर्ने ।

**तपसिलः**

क) बेनी नगरपालिकाको चिस्यान केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

ख) बेनी नगरपालिकाको विपन्न नागरिक निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

ग) बेनी नगरपालिकाको विपन्न नागरिक आवास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

३. बेनी नगरपालिकासँग भएको सम्झौता बमोजिम म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दीले बेनी नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ मा संकलित व्यवसाय करको ३५ प्रतिशत हुने आउने रकम गणना गरी सार्वजनिक निजी साझेदारी प्रवर्द्धन समितिको निर्णय अनुसार छनोट भएका कार्यक्रममा भुक्तानी गर्नको लागि र चालु आ.व. मा संकलित व्यवसाय करको ३५ प्रतिशत रकमबाट सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरुको लागि बजेट विनियोजन हुन नगरसभामा प्रस्ताव गर्ने । साथै चालु आर्थिक वर्षमा सञ्चालन हुने आयोजना तथा कार्यक्रम पेश गर्न उद्योग वाणिज्य संघलाई अनुरोध गर्ने ।

४. बेनी नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८० असार २४ गतेको बैठकको निर्णय (निर्णय नं. ८) अनुसार सेवा करार म्याद थप नभई सेवाबाट अलग भएका कर्मचारीहरुले बेनी नगर कार्यपालिको कार्यालयमा आवश्यक सुविधाका लागि पेश गरेको निवेदन तथा उच्च अदालतपोखरा, बाग्लुङ इजलासमा बेनी नगरपालिकालाई विपक्ष बनाई दर्ता भएको रिट नं. ०८०-wo-०००५, रिट नं. ०८०-wo-०००६ उपरको २०८० असोज ८ गतेको सेवा सुविधाका सम्बन्धमा यथाशीघ्र टुङ्गो लगाउने कार्य गर्नु भन्ने व्यहोराको अदालतको निर्देशनात्मक आदेशका आधारमा उपलब्ध गराउन सकिने सुविधा तथा बेनी नगरपालिकाको

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

क्षमताका आधारमा बेनी नगर कार्यपालिकाको कार्यालयमा हाल कार्यरत रहेका करार सेवाका कर्मचारीहरुलाई सेवाबाट हट्दा उपलब्ध गराउन सकिने सुविधाका सम्बन्धमा अन्य स्थानीय तह लगायतको अभ्यास समेत अध्ययन गरी आगामी कार्यपालिकाको बैठकमा प्रतिवेदन पेस गर्ने जिम्मेवारी सहित तपसिल बमोजिम कार्यदल गठन गर्ने ।

**तपसिल:**

क) अर्जुन शर्मा, प्रमुख प्रशासकीय अधिकृत, बेनी न.पा. - संयोजक

ख) युवराज थापा, वरिष्ठ प्रशासकीय अधिकृत, बेनी न.पा. - सदस्य

ग) गोकुल शर्मा, लेखा अधिकृत, बेनी न.पा. - सदस्य

घ) कुशल ढुंगाना, आन्तरिक लेखा परिक्षक, बेनी न.पा. - सदस्य

५. बेनी नगरपालिका, वडा नं. ८, कालीपुलबसपार्क स्थित टर्मिनल भवनमा रिक्त रहेका कोठाहरुमा बस काउन्टर राख्न निवेदन दिएका तपसिलका यातायात प्रा.ली.हरुबाट प्रति कोठा मासिक रु १२००० (अक्षेरुपी बाह्र हजार रुपैयाँ मात्र) का दरले बेनी नगरपालिकाले भाडा बापतको रकम प्राप्त गर्ने गरी तपसिलका कोठाहरु भाडामा लगाउन सम्झौता गर्ने ।

**तपसिल:**

| क्र.सं. | निवेदक | उपलब्ध गराइने सटर | मासिक भाडा दर (रु) |
|---|---|---|---|
| १ | मुस्ताङ मुक्तिनाथ यातायात प्रा.ली. | ७ नं. सटर | १२००० |
| २ | धौलागिरी बाग्लुङ भगवती संयुक्त सेवा प्रा.ली. | ८ नं. सटर (स्थानान्तरण) | १२००० |
| ३ | साझा यातायात प्रा.ली. | ९ नं. सटर | १२००० |

६. बेनी नगरपालिकाको कार्यपालिकाको मिति २०८१।०६।१६ गतेको बैठकमा "बेनी नगरपालिकाको टेम्पो, अटोरिक्सा तथा ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हाल सम्म ९ (नौ) वटा तीन पाङ्ग्रे सवारी साधन सञ्चालनका लागि अनुमती दिइएकोमा ६ (छ) वटा तीन पाङ्ग्रे सवारी साधन थप गर्ने" भनी निर्णय भएकोमा ६ वटा थप गर्ने निर्णयको सट्टा ११ वटा तीन पाङ्ग्रे थप गर्ने गरी आवश्यक व्यवस्थापन (अनुमति दिने समेत) गर्न बेनी नगरपालिकाको रुट इजाजत तथा भाडा दर निर्धारण समितिको निर्णय बमोजिम हुने गरी अधिकार प्रदान गर्ने ।

७. बेनी नगर कार्यपालिकाको कार्यालयको शिक्षा शाखाबाट तयार भई तथा बेनी नगर शिक्षा समितिमा छलफल पश्चात् आवश्यक सुधार गरी पेश हुन आएको बेनी नगरपालिकाको नगर शिक्षा योजना स्वीकृत गर्ने ।

८. सडक बोर्ड, नेपालबाट आर्थिक वर्ष २०८०।८१ मा बेनी नगरपालिकाका लागि प्राप्त हुन आएको रकमसँगको साझेदारीमा संगमचोक देखि पुलाचौर सडक मर्मत योजना सम्पन्न भए पश्चात् निर्माण व्यवसायीलाई भुक्तानी गर्न

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल

बाँकी रहेको बेनी नगरपालिकाको साझेदारी बापतको रकम रु ४,८७,४३६।- (अक्षेरुपी चार लाख सचासी हजार चार सय छत्तिस रुपैयाँ मात्र) बेनी नगरपालिकाको समपूरक कोषबाट व्ययभार हुने गरी भुक्तानी गर्ने ।

९. माछापुच्छ्रे हिमालयन जेभीले हाँडेभिर- बगरफाँट- दुधेखोला- हल्देगौंडा-डोले-मुसुङ आयोजनाको लागि नदीजन्य पदार्थ उपलब्ध गराइपाउँ भनी पेश गरेको निवेदन तथा पूर्वाधार विकास कार्यालय, म्याग्दीबाट हाँडेभिर-बगरफाँट- दुधेखोला- हल्देगौंडा-डोले-मुसुङ आयोजनालाई गण्डकी प्रदेशले प्राथमिकताप्राप्त आयोजनाको रुपमा पहिचान गरी स्रोत सुनिश्चितता गरेको र आयोजनाको लागि आवश्यक पर्ने निर्माण सामाग्री उपलब्ध गराइदिन भनी यस नगरपालिकामा अनुरोध भई आएकोले EIA प्रतिवेदनले उल्लेख गरेको परिमाणमा गण्डकी प्रदेशले निर्धारण गरेको दर अनुसार हुन आउने रकममा २० प्रतिशत रकम थप गरी राजश्व असूल गर्ने गरी बेनी नगरपालिका वडा नं. २ स्थित घुमाउने ताल बगरको नदिजन्य निर्माण सामग्री EIA प्रतिवेदनमा तोकिएको परिमाणमा उत्खनन गरी आयोजनामा प्रयोग गर्न अनुमति दिने ।

१०. बेनी नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको स्वास्थ्य शाखामा कार्यरत जनस्वास्थ्य अधिकृत चन्दन सुवेदीले देश तथा विदेश स्थित शिक्षण संस्थाहरुमा Master in Public Health (MPH) अध्ययनका लागि गण्डकी प्रदेशको स्थानीय सेवा ऐन तथा नियमावली बमोजिम पूर्वस्वीकृतीका निवेदन पेश गरेकोले ऐ. ऐन तथा नियमावली बमोजिम अध्ययनको पूर्वस्वीकृती दिने ।

११. बेनी नगरपालिका, वडा नं. ४ स्थित सिंगा तथा तातोपानी बजारमा फोहोरमैला शूल्क संकलत बापत प्रोत्साहन स्वरुप टोल विकास संस्थाहरुलाई संकलित फोहोरमैला शुल्कको २५ प्रतिशत रकम दिने भन्ने नीति अनुरुप गत आ.व.मा ती संस्थाहरुले प्राप्त गर्ने रकम रु ३७,०११।- नगर सभामा कार्यक्रमको रुपमा प्रस्ताव गरी स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने साथै चालु आर्थिक वर्षको लागि समेत सोको लागि कार्यक्रम प्रस्ताव गर्ने ।

१२. गण्डकी प्रदेश सरकारबाट प्राप्त हुन आएको पशु बधशाला निर्माण योजनालाई हाल बेनी नगरपालिका, वडा नं. २ मा अस्थायी रुपमा सञ्चालनमा रहेको पशु बधशाला भएकै ठाउँमा नयाँ वधशाला निर्माण गर्ने गरी कार्य अगाडी बढाउने ।

१३. "बेनी नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि, २०७८" को दफा ३ बमोजिमको अनुगमन तथा सुपरीवेक्षण समितिमा पूर्वाधार विकास समितिका संयोजक समेत सदस्य रहने गरी कार्यविधि संशोधन गर्ने ।

१४. बेनी नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को बजेटमा महिला विकास र विशेष अन्तर्गत रहेको म्याग्दी क्याम्पस अनुदान शिर्षकमा विनियोजित पाँच लाख रुपैयाँसँग जिल्ला समन्वय समिति, म्याग्दीसँगको साझेदारीमा म्याग्दी क्याम्पसमा रङ्गरोगन तथा मर्मत कार्य गर्न सिफारिस गरिदिन भनी म्याग्दी क्याम्पसबाट अनुरोध भई आएकोले साझेदारीका सो कार्य अगाडी बढाउने गरी जिल्ला समन्वय समितिमा लेखी पठाउने ।

१५. बेनी नगरपालिका र म्याग्दी उद्योग वाणिज्य संघ, म्याग्दीको साझेदारीमा बेनी नगरपालिका, वडा नं. २, लम्लिहिलमा साहसिक पिङ निर्माणको लागि यस नगरपालिका र म्याग्दी उद्योग बाणिज्य संघ सँग भएको

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बेनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३

CamScanner

सम्झौताको म्याद यही मंसीर मशान्तबाट समाप्त हुने भएकोले म्याद थप गरिदिन भनी लेखी आएकोले सो सम्झौताको म्याद हाललाई २०८१ फाल्गुण मसान्त सम्म हुने गरी तीन महिनाको लागि म्याद थप गर्ने ।

१६. लायन्स क्लव अफ बेनी लम्लिहिल छात्रा फूटबलको कार्यक्रमको लागि कार्यक्रम सहयोग रु. ४०,०००।- (अक्षरुपी चालिस हजार मात्र) र नेपाल भाषा मंकाखल (ल्याम पुच) बेनीलाई बर्खे नाच सहयोग स्वरुप रु. ३५०००।– (अक्षरुपी पैतिस हजार मात्र) गरी जम्मा रु. ७५,०००।– (अक्षरुपी पचहत्तर हजार मात्र) विविध कार्यक्रम शिर्षकबाट सहयोग गर्ने ।

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
बेनी नगरपालिका
बेनी, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
२०७३